# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## प्रगतिनगर, नवलपरासी (बर्दघाट-सुस्तापूर्व)
## गण्डकी प्रदेश, नेपाल
## २०७३

प.सं. - २०७६/०७७
च.नं. -

मिति : २०७६/१२/२३

विश्वव्यापी रुपमा फैलिएको नोभेल कोरोना भाईरस (कोभिड १९) नियन्त्रण तथा रोकथामका लागि देवचुली नगरपालिकाले हाल सम्म सञ्चालन गरेका क्रियाकलापहरु :

१. देवचुली नगरपालिकामा नवलपुर जिल्लामा सबै भन्दा पहिला कर्मचारी र सेवाग्राहीलाई साबुनपानीले हात धोएर मात्र कार्यालय प्रवेश गर्ने व्यवस्थाको शुरुवात ।

२. मिति २०७६/११/१८ गते सम्भावित कोरोना भाइरसबाट बच्ने उपाय बारे जनचेतना तथा आवश्यक पूर्व तयारी सम्बन्धमा वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई पत्राचार ।

३. मिति २०७६/११/२७ मा कोरोना भाईरस (कोभिड १९) नियन्त्रण तथा रोकथामका लागि नगर स्तरिय पूर्व तयारी बैठक ।

४. नगरपालिकामा सुचना केन्द्रको स्थापना । ७/८ जना कर्मचारी मार्फत **Online Base** मा काम गरिरहेको । दैनिक रुपमा स्वास्थ्य संस्थाको **OPD** मा आउने व्यक्तिहरुको अभिलेख र विदेशबाट आई होम क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको स्वास्थ्य अवस्था अद्यावधिक गरी प्रत्येक दिनको प्रतिवेदन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, काठमाण्डौं, सामाजिक विकास मन्त्रालय,गण्डकी प्रदेश पोखरा र जिल्ला प्रशासन कार्यालय नवलपुरमा पठाइएको ।

५. **Rapid Response Team (RRT)** गठन तथा क्रियाशिल ।

६. मिति २०७६/१२/१३ मा स्थानीय विपद व्यवस्थापन समितिको बैठक । नगरपालिकाको मेयर विपद राहत कोषमा रु. १ करोड विनियोजन । विदेशबाट आएकालाई **Quarantine** मा राख्ने व्यवस्था मिलाउने । **Quarantine** मा राखेका व्यक्तिलाई खाना, बेड लगायत सम्पूर्ण व्यवस्था मिलाउने । खाद्यान्न, तरकारी, फलफूल पसल दिउसो १२ देखि ४ बजे सम्म खोल्ने व्यवस्था गर्ने लगायतको निर्णय ।

७. मिति २०७६/१२/१४ मा देवचुली नगरपालिकाका सबै स्वास्थ्य संस्थाहरुमा **PPE set, Surgical Goun, Mask, Sanitizer** र **Digital Tharmometer** वितरण ।

email : devchulimunicipality@gmail.com

८. मिति २०७६/१२/१५ मा खाद्यान्न बैंक (**Food Bank**) को स्थापना । विभिन्न व्यक्ति र संघ संस्थाबाट खाद्यान्न सहयोग आउने क्रम जारी । हाल सम्म ८ लाख भन्दा बढीको राहत सामाग्री/नगद उपलब्ध ।

९. मिति २०७६/१२/१६ र १७ गते देवचुली नगरपालिकाका एम्बुलेन्स चालकहरुलाई **PPE set, Mask, Gloves** र **Sanitizer** वितरण ।

१०. मिति २०७६/१२/१७ गते दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारलाई राहत वितरण गर्ने निर्णय । मासिक पारिश्रमिक नपाउने, घरमा अन्न नभएका र बैंक खातामा ५,०००/- भन्दा कम नगद रकम भएका व्यक्तिहरुलाई राहत प्रदान गर्ने निर्णय ।

११. सबै वडामा वडा स्तरिय विपद व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको । वडा स्तरिय विपद व्यवस्थावन समिति मार्फत दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारको विवरण संकलन ।

१२. प्राकृतिक चिकित्सालय रजहर र वडा नं. ११ मा सामुदायिक **Quarantine** कक्ष स्थापना । हाल सम्म सामुदायिक क्वारेन्टाइनमा २५ र होम क्वारेन्टाइनमा १०६ जना रहेको । हाल सम्म ८ जना १४ दिनको क्वारेन्टाइन अवधि पुरा गरी घर गएका ।

१३. देवचुली नगरपालिकाको १७ ओटै वडामा दैनिक ज्याला मजदुरी गरी जीविकोपार्जन गर्ने अति विपन्न घर परिवारलाई प्रति व्यक्ति ५ के. जी. चामल र प्रति परिवार १ के. जी. आयोनुन/१ के. जी. दाल राहत वितरण कार्य सम्पन्न ।

१४. राहत वितरण कार्यमा राजनैतिक दल, जन प्रतिनिधि, नगरपालिकाका कर्मचारीहरु र वडा सचिवहरु सक्रिय रहेका ।

१५. निजी अस्पताल र औषधी पसलले सेवा दिए नदिएको र आवश्यक बस्तुको निर्वाध आपूर्ति भए नभएको अनुगमन गरिएको ।

१६. सुरक्षाकर्मी सँग समन्वय, नियमित अनुगमनका लागि साधन र स्रोत उपलब्ध गराएको ।

धन्यवाद ।

..............................

(पूर्ण कुमार श्रेष्ठ)

नगर प्रमुख

पूर्ण कुमार श्रेष्ठ

नगर प्रमुख

email : devchulimunicipality@gmail.com